# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

मयुरबस्ती इलाका वन कार्यालयका फरेष्टर कृष्णप्रसाद घिमिरेसमेतले जिल्ला बर्दिया कालिका १ वोकटियास्थित शिवशक्ति सामुदायिक वन उपभोक्ता समितिको १० हेक्टर जग्गा वृक्षारोपण गर्ने गरी लाखौं रुपयाँ पेश्की लिई मापदण्ड नपुऱ्याई १-२ हेक्टर क्षेत्रफलमा मात्र बिरुवा रोपेजस्तो गरी रकम हिनामिना गरी भ्रष्टाचार गरेको हुँदा मयुरबस्ती इलाका वन कार्यालयका फरेष्टर कृष्णप्रसाद घिमिरेले बबई नदी संरक्षण कार्यक्रमअन्तर्गत नदी प्रणालीको खाली, सार्वजनिक, पर्ति जग्गा एवं अतिक्रमण हटाई मयुरबस्ती इलाका वन कार्यालय कार्यक्षेत्रभित्रको १० हेक्टर क्षेत्रफलमा मिति २०७३/०३/२८ गते भित्रमा शिवशक्ति सामुदायिक वनको विभिन्न ३ वटा खाली टुक्रामा गरी ६.३८ हेक्टर र मयुर सामुदायिक वनको ३.७३ हेक्टर क्षेत्रमा गरी जम्मा १०.०१ हेक्टरमा वृक्षारोपण कार्य सम्पन्न गर्नका लागि रु.२,६४,८७०/- पेश्कीसहित कार्यादेश दिइएकोमा इष्टिमेट बमोजिमको कार्य नगरी जम्मा रु.५८,८००/- मात्र खर्च गरी नक्कली विल भर्पाई बनाई रकम हिनामिना गरेको तथा जिल्ला वन कार्यालय, बर्दियाका तत्कालीन प्रमुख वन अधिकृत भैरवप्रसाद घिमिरेले अनुगमन नगरी सोझै आफैले उक्त कार्य सम्पन्न सदर गरी उक्त रकमको पेश्की फछ्र्यौट गरी रकम हिनामिना गरेको हुँदा उक्त कार्यमा संलग्न निज दुबैजना फरेष्टर कृष्णप्रसाद घिमिरे र वन अधिकृत भैरवप्रसाद घिमिरेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएको स-प्रमाण पुष्टि भएकोले निजहरुलाई जनही बिगो रु.२,०६,०७०/- (दुई लाख छ हजार सत्तरी) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता